# कार्यकारी समितिको १८०औं बैठकका निर्णयहरु

**(मिति २०७४/१२/१५ गते विहिवार)**

१) हालको परिवर्तित अवस्थामा नेपाल सरकारको केन्द्र एंव जिल्लागत प्रशासनिक संरचनामा फेरबदल हुने भएकोले पुनर्निर्माणको कार्यलाई निरन्तरता दिनका लागि विषयगत मन्त्रालयहरुमा रहेका पुनर्निर्माण सम्बन्धी केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरु (CLPIU), आयोजना समन्वय इकाई (PCU) र तिनका जिल्ला आयोजना कार्यान्वयन इकाईहरु (DLPIU) लाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मातहत हुने गरी प्राधिकरणको संगठन संरचना परिमार्जन गर्न आवश्यक भएकोले सो सम्बन्धी प्रस्ताव राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समिति समक्ष पेश गर्ने ।

२) प्राधिकरणमा पेश भएको भूगर्वविद्को अध्ययन प्रतिवेदन बमोजिम देहायबमोजिमका बस्तीहरुका जम्मा १३२ (एक सय बत्तिस) घरधनीहरुलाई जोखिमयुक्त बस्तीका लाभग्राही कायम गर्ने ।

तपसिल

| सि.नं. | स्थान/ठेगाना | घरधुरी संख्या |
|---|---|---|
| १ | गुल्मी मदाने -३, काफलपाटा | ३० |
| २ | गुल्मी मदाने-३, सिम | २ |
| ३ | गुल्मी, धुरकोट-६, अजमिरकोट | १८ |
| ४ | पर्वत फलेवास -८, अर्चले | २० |
| ५ | स्याङ्जा, अर्जुनचौपारी -३, खोर | ३६ |
| ६ | सिन्धुपाल्चोक पाचँपोखरी थाङपाल भोताङ-४, लार्के | ४ |
| ७ | रसुवा चिलिमे -४, प्राप्चे | ९ |
| ८ | रसुवा हाकु-७, गोरसुम्बा | ८ |
| ९ | रसुवा, चिलिमे ४ टेटान्चे | ५ |
| | **जम्मा** | **१३२** |

सचिव

३) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका काम कारवाहीको अनुगमन कार्यमा सरलता एवं एकरुपता कायम गरी अनुगमनलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्धेश्यले तयार गरिएको संलग्न पाना ३ (तीन) को अनुगमन तथा पृष्ठपोषण फाराम र अनुगमन गर्दा अवलम्वन गर्नुपर्ने ७ (सात) बुँदे कार्यप्रक्रिया स्वीकृत गर्ने ।

४) कार्यकारी समितिको मिति २०७४/१०/११ गतेको ९७ औं बैठकको निर्णय नं. ८ मा भएको **भूकम्पवाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची १ को दफा २(घ)** मा संशोधनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्ने निर्णय भएकोमा सोही निर्णयमा सोही प्रयोजनको लागि प्रतिवन्धात्मक वाक्यांशमा निम्नानुसारको व्यहोरा थप गर्ने ।

"भूकम्पपीडित लाभग्राहीको निजी आवास पुनर्निर्माणका लागि सम्झौता गरेको साविकको स्थानमा रहेको जग्गामा घर निर्माणको निम्ति अपर्याप्त रहेको वा भौगर्भिक जोखिममा रहेको वा भीरालो भई वा अन्य कारणले प्राविधिक रुपमा घर बनाउन नसकिने भएमा वा स्वामित्व सम्बन्धी विवाद भएमा एवं जिल्लाभित्रकै अन्य स्थानमा निज लाभग्राहीको नाममा जग्गा रहेको अवस्थामा सो जग्गा सम्बन्धी प्रमाण एंव इन्जिनियरको सिफारिशका आधारमा साविकको सम्झौता संशोधन गरी जिल्ला भित्रैको उक्त जग्गामा घर निर्माण गर्न सकिने व्यवस्था गर्ने । यसो गर्दा संशोधित सम्झौतालाई डिजिटाइज गरी प्राधिकरणको सूचना प्रणाली (एम.आइ.एस.) मा समेत प्रविष्ट गर्नुपर्नेछ ।"

५) **जोखिम वर्गमा पर्ने भूकम्पवाट प्रभावित लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४** मा भएको व्यवस्था र कार्यकारी समितिको मिति २०७४/१२/०१ गतेको ९९ औं बैठकको निर्णय नं. २ मा उल्लिखित शर्तहरुको अधिनमा रही तयार पारिएको तपसिल बमोजिमको १८,५०५ (अठार हजार पाँच सय पाँच) व्यक्तिहरुलाई जोखिमयुक्त वर्ग (Venerable) का प्रारम्भिक लाभग्राहीहरुको रुपमा सूचीकृत गरी सार्वजनिक गर्ने र प्रचलित कार्यविधि बमोजिम निजी आवास पुनर्निर्माणका लागि प्रस्ताव आव्हान गर्ने ।

सचिव

तपसिल

| सि.नं. | जिल्ला | १६ वर्ष मुनी | अपाङ्गता | ७० वर्ष माथि | एकल महिला | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गोरखा | ५ | २६ | ६७१ | ७२७ | १४२९ |
| २ | दोलखा | ४ | ८ | ५२९ | ६१० | ११५१ |
| ३ | सिन्धुपाल्चोक | १९ | २८ | ६३० | ६०४ | १२८१ |
| ४ | काठमाण्डौ | ५ | १२ | ५८५ | ७७७ | १३७९ |
| ५ | काभ्रेपलान्चोक | ११ | २१ | ८०० | ८२१ | १६५३ |
| ६ | भक्तपुर | २ | ५ | ५३९ | ४८९ | १०३५ |
| ७ | ललितपुर | २ | ६ | ३३० | ३९९ | ७३७ |
| ८ | धादिङ्ग | ११ | २५ | १००४ | ७८९ | १८२९ |
| ९ | नुवाकोट | ५ | १९ | ६३५ | ५२० | ११७९ |
| १० | रसुवा | २ | १३ | १७५ | ८५ | २७५ |
| ११ | मकवानपुर | ५ | २ | ३४३ | २७७ | ६२७ |
| १२ | सिन्धुली | ९ | ४ | ३३३ | ३२९ | ६७५ |
| १३ | रामेछाप | २ | २३ | ५५९ | ६७९ | १२६३ |
| १४ | ओखलढुंगा | ५ | ११ | १८८ | २१८ | ४२२ |
| १५ | अर्घाखाँची | | | २४ | १२ | ३६ |
| १६ | बाग्लुङ | | ४ | २४ | ३२ | ६० |
| १७ | भोजपुर | १ | १ | १११ | ८५ | १९८ |
| १८ | चितवन | | ९ | ९८ | ५३ | १६० |
| १९ | धनकुटा | | २ | ३६ | ३३ | ७१ |
| २० | गुल्मी | | | ५८ | ६३ | १२१ |
| २१ | कास्की | | | १६७ | २०० | ३६७ |
| २२ | खोटाङ | | | १६३ | १०५ | २६८ |
| २३ | लमजुङ | १ | १८ | २७७ | २५६ | ५५२ |
| २४ | म्याग्दी | | | ६ | १७ | २३ |
| २५ | नवलपरासी | | | १ | ३ | ४ |
| २६ | पाल्पा | | | ६४ | ६८ | १३२ |
| २७ | पर्वत | | | ११४ | १०३ | २१७ |
| २८ | संखुवासभा | | | ४६ | २२ | ६८ |
| २९ | सोलुखुम्बु | १ | ६ | २३७ | २०४ | ४४८ |
| ३० | स्याङ्जा | १ | | १२९ | १६१ | २९१ |
| ३१ | तनहुँ | | | २७१ | २८३ | ५५४ |
| | कुल जम्मा | ९१ | २४३ | ९१४७ | ९०२४ | १८५०५ |

सचिव

६) **भूकम्पवाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा १५** (६) मा पुनर्निर्माण सम्बन्धी कामका लागि पुनर्निर्माण कोषबाट रकम खर्च गर्ने गरि व्यवस्था भएको पुनर्निर्माण कोषमा हाल २८ अर्व २८ करोड ७० लाख रकम जम्मा भएको छ । भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान सहायता रकमको लागि चालु आ.व. मा विनियोजन भएको रकम नगुग हुने भएकोले थप वजेटको व्यवस्थापन गर्न पुनर्निर्माण कोषमा मौज्दात रहेको रकम नेपाल सरकारको राजस्व खातामा दाखिला गरी उक्त रकम वरावरको थप वजेट पुनर्निर्माण प्राधिकरणको नियमित वजेट उप शिर्षकमा निकासा माग गर्ने ।

७) भूकम्पपीडित जिल्लाका उपयुक्त स्थानहरुमा दीर्घकालीन वसोवासको लागि एकीकृत वस्ती निर्माण गर्ने उद्देश्यले स्वीकृत **एकिकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७४** मा जग्गा व्यवस्थापन लगायतका विषयहरु समावेश हुने गरी आवश्यक परिमार्जनका लागि प्रस्ताव/प्रतिवेदन पेश गर्न देहायबमोजिमको ७ सदस्यीय उप-समिति गठन गर्ने ।

<u>तपसिल</u>

| | |
|---|---|
| क) श्री ध्रुवप्रसाद शर्मा, कार्यकारी समिति सदस्य | - संयोजक |
| ख) श्री राजुमान मानन्धर, सह-सचिव | - सदस्य |
| ग) श्री कमल घिमिरे, प्रमुख नापी अधिकृत | - सदस्य |
| घ) श्री प्रक्रिण तुलाधर, सि.डि.ई. CLPIU, MOUD | - सदस्य |
| ङ) श्री नारायण प्रसाद श्रेष्ठ, सि.डि.ई. CLPIU, MOFAGA | - सदस्य |
| च) श्री चन्द्रकान्त पौडेल, उपसचिव (कानून) | - सदस्य |
| छ) श्री राजकाजी श्रेष्ठ, सि.डि.ई., रा. पु. प्रा. | - सदस्य सचिव |

सचिव

८) **भूकम्प पश्चात पुनर्निर्माणका लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ को दफा (९)** बमोजिम सम्बन्धित कार्यकारी समिति सदस्यको सिफारिश भई आएका तपसिलका परियोजना प्रस्तावहरु तोकिएको मापदण्डभित्र रही सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्न स्वीकृति दिने ।

तपसिल

| क्र. स. | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजना को क्षेत्र | परियोजना विवरण | परियोजना कार्यान्वयन हुने स्थान | राय | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | |
| १ | Stay at School Nepal | Junibesi's Girls Hostel Project. | विध्यालयमा छात्रावास भवन निर्माण | जुनबेसी माध्यमिक विध्यालयको ६कोठे भवन निर्माण | सोलुदुधकुण्ड नगरपालिका वडा नं. २, सोलुखुम्बु | चन्द्र बहादुर श्रेष्ठ | ९% | ९१% | ५४,६४,४८२। | २०१८ जुन |
| २ | People in Need/Community Self Reliance Centre | Durable Solution | समन्वय | दीगो समाधानमुखी कार्यक्रम कार्यान्वयन गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई सहयोग गर्ने ।<br>दीगो समाधानमुखी कार्यक्रम कार्यान्वयन गर्न सरकारलाई सहयोग गर्ने।<br>दीगो समाधानका लागि Flexible कार्यक्रम निर्माण गर्ने। | भूकम्प प्रभावित ३१ जिल्ला | ध्रुव प्रसाद शर्मा | १७% | ८३% | २०,६९,३८,१९२। | २ वर्ष |

सचिव

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## अनुगमन गर्दा अवलम्वन गर्नुपर्ने कार्यप्रक्रिया

१. अनुगमन कार्यलाई एकरुपता कायम गरी पुनर्निर्माण तथा पुनस्थापनाको कार्यलाई थप तीब्रता दिनको लागि सबै अनुगमनकर्ताले यसै साथ संलग्न स्वीकृत अनुगमन फारम प्रयोग गर्नुपर्नेछ र फारममा कुनै कुरा भर्न नपुगेमा छुट्टै पानाको प्रयोग गर्न सकिनेछ ।

२. सो अनुगमन फारम सबैको पहुँचको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको website मा पनि राखिनेछ ।

३. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको जिल्ला समन्वय समितिको सचिवालयको कार्यालयमा सो अनुगमन फारमको लागि आवश्यक तथ्यांकहरु पुनर्निर्माण सम्बन्धी प्रतिवेदन फारमलाई मासिक रुपमा अध्यावधिक गर्न लगाउने ।

४. साथै सम्भव भएसम्म पुनर्निर्माणको कार्य गर्ने अन्य सम्बन्धित निकायहरुलाई पनि सो अनुगमन फारम प्रयोग गर्न लगाइनेछ ।

५. अनुगमन कार्य सकिएपछि उक्त अनुगमन फारमको एक प्रति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अनुगमन शाखामा बुझाउनु पर्नेछ र अनुगमन शाखाले आवधिक रुपमा उक्त प्रतिवेदनमा उल्लेख भएका विषयहरुको विश्लेषण सम्बन्धित पक्षलाई जानकारी गराइनेछ।

६. अनुगमन शाखाले यसरी विभिन्न स्रोतबाट प्राप्त सूचनाहरुलाई शंश्लेषण गरी सारगर्भित तवरमा प्राधिकरणलाई उपलब्ध गराई प्रतिवेदनमा उल्लिखित विषयमा ध्यानाकृष्ट गराउनु पर्नेछ ।

७. यो अनुगमन प्रणालीलाई अन्य अनुगमन प्रणालीहरुसंग एकाकार गराईदै लगिनेछ ।

सचिव

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## अनुगमन तथा पृष्ठपोषण फारम

**क. अनुगमन गरेको स्थानको संक्षिप्त जानकारी**

१. जिल्ला ..................................................................१.१ गा.पा./न.पा. ...................................................... २. मिति:- ...........................

३. कार्यालयको नाम ............................................................................ ४. ठेगाना:- ..................................................................

५. कार्यालय प्रमुखको नाम ........................................................................ ६. कार्यालयको सम्पर्क नं:- ..............................................

**ख. निजी आवास पुनर्निर्माण सम्बन्धी विवरण**

| विवरण | लाभग्राही संख्या | अनुदान सम्झौता | प्रथम किस्ता वितरण | दोस्रो किस्ता माग | दोस्रो किस्ता वितरण | तेस्रो किस्ता माग | तेस्रो किस्ता वितरण | निर्माण कार्य सुरु भएका घर संख्या | निर्माण सम्पन्न घर संख्या | गुनासो दर्ता संख्या | प्रबलीकरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | लाभग्राही संख्या | सम्झौता | प्रथम किस्ता वितरण |
| ने. सरकार | | | | | | | | | | | | | |
| I/NGO | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

निजी आवास पुनर्निर्माण सम्बन्धीप्रमुख सवालहरु

१. ..............................................................................................

२. ..............................................................................................

३. ..............................................................................................

**ग. विद्यालय पुनर्निर्माण सम्बन्धी विवरण**

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | | पुनर्निर्माण सम्पन्न भएका | | पुनर्निर्माण भैरहेका | | पुनर्निर्माण हुन बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय | कक्षाकोठा | विद्यालय | कक्षाकोठा | विद्यालय | कक्षाकोठा | विद्यालय | कक्षाकोठा | |
| ने. सरकार | | | | | | | | | |
| I/NGO | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

विद्यालय पुनर्निर्माण सम्बन्धी प्रमुख सवालहरु

१. ..............................................

२. ..............................................

३. ..............................................

४. ..............................................

**घ. स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण सम्बन्धी विवरण**

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न भएका | पुनर्निर्माण भैरहेका | मर्मत/प्रवलीकरण भएका | मर्मत/प्रवलीकरण भैरहेका |
|---|---|---|---|---|---|
| नेपाल सरकार | | | | | |
| I/NGO | | | | | |
| जम्मा | | | | | |

स्वास्थ्य संस्था पुनर्निर्माण सम्बन्धी प्रमुख सवालहरु

१. ..............................................

२. ..............................................

३. ..............................................

४. ..............................................

**ङ. सरकारी भवन पुनर्निर्माण सम्बन्धी विवरण**

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न भएका | पुनर्निर्माण भैरहेका | मर्मत/प्रवलीकरण भएका | मर्मत/प्रवलीकरण भैरहेका |
|---|---|---|---|---|---|
| नेपाल सरकार | | | | | |

सरकारी भवन पुनर्निर्माण सम्बन्धी प्रमुख सवालहरु

१. ..............................................

२. ..............................................

सचिव..............................................

च. बस्ती स्थानान्तरण र एकिकृत बस्ती सम्बन्धी विवरण

| विवरण | जम्मा अध्ययन गरिएका बस्ती संख्या | असुरक्षित बस्ती संख्या | सुरक्षा उपाय अवलम्बन गर्नपर्ने बस्ती संख्या | लाभग्राही संख्या | २ लाख अनुदान लिने लाभग्राही संख्या | एकिकृत बस्ती विकास कार्यक्रम संचालन गरिएको संख्या |
|---|---|---|---|---|---|---|
| ने. सरकार | | | | | | |
| I/NGO | | | | | | |
| जम्मा | | | | | | |

बस्ती स्थानान्तरण सम्बन्धी प्रमुख सवालहरु

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

छ. जिविकोपार्जन/GESI सम्बन्धी संचालित कार्यक्रमको विवरण

| विवरण | जिविकोपार्जन सम्बन्धी कार्यक्रमको संख्या | लाभान्वित जनसंख्या | GESI सम्बन्धी कार्यक्रम संचालन संख्या | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| ने. सरकार | | | | |
| I/NGO | | | | |
| जम्मा | | | | |

जिविकोपार्जन/GESI सम्बन्धी प्रमुख सवालहरु

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

ज. डकर्मी तालिम सम्बन्धी विवरण

| विवरण | तालिम संचालन स्थानको संख्या | ७ दिने तालिम | | ५० दिने तालिम | |
|---|---|---|---|---|---|
| | | संचालन संख्या | सहभागी संख्या | संचालन संख्या | सहभागी संख्या |
| ने. सरकार | | | | | |
| I/NGO | | | | | |
| जम्मा | | | | | |

डकर्मी तालिम सम्बन्धी प्रमुख सवालहरु

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

झ. सम्बन्धित कार्यालय प्रमुखको सुझाव तथा मन्तव्यहरु

१. ....................................................................................................

२. ....................................................................................................

३. ....................................................................................................

४. ....................................................................................................

अनुगमनकर्ता

१. नाम .............................................. पद.............................. दस्तखत ..........................

२. नाम .............................................. पद.............................. दस्तखत ..........................

३. नाम .............................................. पद.............................. दस्तखत ..........................

नोटः- १. अनुगमनका क्रममा पुनर्निर्माणको कार्यमा देखिएका सबल पक्ष, दुर्वल पक्ष, देखिएका समस्या, दिइएका सुझावहरु, अन्तरक्रिया, बैठक वा स्थलगत अवलोकन क्रियाकलापका विवरणहरु तथा फोटो सहितका महत्वपूर्ण विवरणहरु छुट्टै पानामा तयार गरी पेश गर्नुपर्दछ ।

२. साथै परियोजनाको विस्तृत प्रगति विवरण तयार गर्दा अनुगमन मूल्यांकन निर्देशिकाको फारम ११ समेत प्रयोग गर्नुपर्ने

सचिव

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरवार, काठमाडौं

# अनुगमन फाराम

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरणवाट स्वीकृति लिई विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले भूकम्प प्रभावित जिल्लाहरुमा सञ्चालन गरेका परियोजनाहरुको अनुगमन गर्ने प्रयोजनार्थ**

| क्र. स. | गैरसरकारी संस्था | क्रियाकलाप | स्थान | | | लक्ष्य | प्रगति | INGO को हकमा Local NGO | पुष्ट्याइ को आधार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | गाउँपालिका /नगरपालिका | वडा नं | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुगमनवाट देखिएको समग्र ब्यहोरा:

**सवल पक्षः**

१.
२.
३.

**दूर्वल पक्षः**

१.
२.
३.
४.

**सूझावः**

१.
२.
३.

**अनुगमन कर्ताको**

नामः

पदः

कार्यालयः

हस्ताक्षरः

अनुगमन गरेको अवधिः

सचिव